# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS BULLETIN

**BROADCAST: 18:40 hrs** **Date: 14.03.2025**

- **Northeast - Saffron Center**

केन्द्रिय विज्ञान एवं प्रौद्योगिकी राज्य मन्त्री जितेन्द्र सिंहले भन्नुभयो, पूर्वोत्तर क्षेत्रले विकसित भारतको सपना साकार बनाउनमा महत्त्वपूर्ण भूमिका निभाइरहेछ। यो क्षेत्र देशमा केसर खेतीको अर्को महत्त्वपूर्ण केन्द्र पनि बन्नेछ। शिलङमा आज उत्तर पूर्व प्रौद्योगिकी अनुप्रयोग एवं पहुंच केन्द्रको नयाँ स्थायी परिसरको आधारशिला राख्दै उहाँले भन्नुभयो, सरकारको मिशन केसर पहलअन्तर्गत 2021-देखि सिक्किम, अरुणाचल प्रदेश र मेघालयमा यसको खेती गरिँदैछ।

श्री सिंहले भन्नुभयो, अरुणाचल प्रदेशको मेंचुखा र सिक्किमको योक्सममा अहिले व्यापक रूपमा केसरको खेती गरिँदैछ। यसलाई नागाल्याण्ड र मणिपुरसम्म बढ़ाउने योजना छ। यसका साथै पूर्वोत्तर क्षेत्र जम्मू-कश्मीरको पंपोरपछि भारतको अर्को महत्त्वपूर्ण केसर उत्पादन क्षेत्र बनिनेछ।

---------------------------------------X---------------------------------------

- **Holi**

रंगको पर्व होली आज देशभरि पारम्परिक उत्साह र हर्षोल्लासका साथ पालन गरियो। यो पर्व वसन्त ऋतुको आगमन र नराकात्मक माथि सकारात्मकताको विजयको प्रतिक हो।

यता सिक्किममा महात्मा गान्धि (MG) मार्गमा पालन गरिएको राज्य स्तरीय होली पर्वको अवसरमा राज्यपाल ओमप्रकाश माथुर र मुख्यमन्त्री प्रेमसिंह तामाङ विशेष रूपमा उपस्थित हुनुहुन्थ्यो।

राज्यपालले सिक्किमलाई एकजुटताको आदर्श राज्य बताउँदै भन्नुभयो, यहाँ सबै समुदाय मिलेर रहने गरेका छन्। उहाँले भन्नुभयो, राज्य आफ्नो सांस्कृतिक विविधता र सामुदायिक एकताका लागि अन्य राज्यहरूका निम्ति पनि अनुकरणीय छ।

यस अवसरमा बोल्दै मुख्यमन्त्रीले विभिन्न समुदाय, भाषा तथा परम्पराको सामंजस्यपूर्ण सह-अस्तित्वमा आधारित सिक्किमको बारेमा प्रकाश पार्नुभयो।

मुख्यमन्त्रीले MG मार्गले मानिसहरू होली मात्र नभएर सिक्किमलाई परिभाषित गर्ने सामूहिक पहिचानलाई पालन गर्न एकैसाथ अघि आएको कुरालाई दर्शाएको कुरा बताउनुभयो।

उहाँले यस पर्वले राज्यमा सद्भावनालाई प्रेरित गर्नका साथै साम्प्रदायिक सद्भावलाई दहिलो बनाउने अनि सबै समुदायबीच एकता र समृद्धिको भावना कायम राख्नेछ भन्ने विश्वास व्यक्त गर्नुभएको छ।

---------------------------------------X---------------------------------------

- **Governor Holi**

यसअघि राज्यपाल श्री माथुरले सत्र आर्टिलरी ब्रिगेडको होली मिलन समारोहमा भाग लिँदै भारतीय सेनाका जवानहरूसित होली मनाउनुभयो। यस अवसरमा जनरल कमाण्डिङ अफिसर मेजर जनरल MS राठौर पनि उपस्थित हुनुहुन्थ्यो। होली पर्वमा जवानहरूले ब्याण्ड र नृत्य प्रस्तुत गरे।

यस अवसरमा राज्यपालले सैनिकहरूलाई होलीको शुभकामना दिँदै उनीहरूको उज्ज्वल भविष्यको कामना गर्नुभयो। श्री माथुरले सैनिकहरूको मनोबल बढ़ाउनका साथै आफ्नो कर्तव्यप्रति अझ अधिक समर्पित हुन प्रेरित गर्नुभयो।

---------------------------------------X---------------------------------------

- **Bhum Chu**

गेजिङ जिल्लास्थित टाशीडिङ गुम्पामा आज भक्तिभाव तथा आध्यात्मिक उत्साहका साथ पवित्र बुमछु पर्व पालन गरियो। राज्य तथा छिमेकी देशहरूबाट आएका हजारौं भक्तहरूको उपस्थितिमा सम्पन्न यो पर्वमा खेन-रिन्पोछे ल्हा छिरिङको मार्गदर्शनमा बुमछु अर्थात पवित्र जल वितरण गरियो। सिक्किम उच्च न्यायालयका न्यायाधिश न्यायमूर्ति विश्ववाथ सोमद्दरको मुख्य आतिथ्यमा सम्पन्न समारोहमा अन्य बाहेक धर्म विभागका मन्त्री सोनाम लामा, पर्यटन मन्त्री छिरिङ T भोटिया, धर्म विभागकी सचिव येस्सी D योङदा तथा गेजिङका जिल्लाधीश तेञ्जीङ D डेञ्जोङपा उपस्थित हुनुहुन्थ्यो। हजारौंको संख्यामा यहाँ उपस्थित भक्तहरूले गुम्पामा प्रार्थना गर्दै पवित्र जल ग्रहण गरे, जसबाट सौभाग्य, दीर्घायु, समृद्धि तथा निरोगीको आशीर्वाद प्राप्त हुने पौराणिक मान्यता छ।

---------------------------------------X---------------------------------------

- **Workshop on CBT**

पर्यटन एवं नागरिक उड्डयन विभागद्वारा नाम्चीस्थित अफिसर्स क्लबमा सिक्किम इन्सपायर्स परियोजनाअन्तर्गत समुदाय आधारित पर्यटनमाथि आयोजित प्रवेश स्तरीय कार्यशालाको आज समापन भयो। यस क्षेत्रमा पर्यटनलाई सुदृढ़ पार्न मूल्याङ्कन, पर्यटन प्रशिक्षण कार्यक्रम र परिचय भ्रमणको आवश्यकतामा केन्द्रित कार्यशालाको लक्ष्य स्थानीय हितधारकहरूलाई पर्यटनको विकासमा संलग्न गराउनु रहेको थियो। कार्यशालाको उद्देश्य सिक्किममा पर्यटनलाई अभिवृद्धि गर्न आवश्यक मुख्य तत्वहरूमाथि ध्यान केन्द्रित गर्नु पनि थियो।

कार्यशालामा उपस्थित नाम्ची-सिङ्गीथाङका विधायक सतिषचन्द्र राईले स्वच्छता, स्थानीय संस्कृति र परम्पराको संरक्षण अनि संवर्धन, सीबीटी र पर्यटन सम्पदालाई प्राथमिकता दिनमाथि रहेको महत्त्वबारे जोड़ दिँदै नाम्ची क्षेत्रका लागि महत्त्वपूर्ण विचार र भविष्यको योजना साझा गर्नुभयो।

पर्यटन विभागकी उपनिदेशक लामिन थिङले विशेषगरी ग्रामीण सिक्किममा समुदाय आधारित पर्यटनमा आइपर्ने चुनौतीहरूबारे प्रकाश पार्दै यसको अर्थ, प्रमुख विशेषता र महत्त्वमाथि उपस्थित मानिसहरूलाई अवगत गराउनुभयो।

---------------------------------------X---------------------------------------

- **Lil Bahadur Chhetri Death**

प्रसिद्ध नेपाली साहित्यकार लीलबहादुर छेत्रीको तीरनब्बे वर्षको उमेरमा निधन भयो। भारतीय नेपाली साहित्यका नक्षत्र मानिएका श्री छेत्रीको हिजो राति दश बजी असमको गुवाहाटीमा निधन भएको हो। बसाइँ अनि ब्रह्मपुत्रको छेउछाउ जस्ता लोक प्रसिद्ध उपन्यासका रचनाकार श्री छेत्री 2020-को पद्मश्री पुरस्कारसहित अनेकौं राष्ट्रिय तथा अन्तरराष्ट्रिय पुरस्कारले सम्मानित हुनुभएको थियो।

---------------------------------------X---------------------------------------

- **Weather**

राज्यमा विगत केही दिनदेखि सामान्य रूपमा वर्षा भइरहेका कारण जाड़ो बढ़ेको छ। स्थानीय मौसम विज्ञान विभागले दिएको रिपोर्ट अनुसार बितेको चौबिस घण्टामा गान्तोक र वरपर क्षेत्रमा न्यूनतम तापमान दश दशमलौ पाँच डिग्री सेल्सियस र अधिकतम ताममान सत्र दशमलौ सात डिग्री सेल्सियस रेकार्ड गरियो।
भोली अधिकतम तापमान सोल्ह डिग्री सेल्सियस र न्यूनतम एघार डिग्री सेल्सियल रहनेछ।

---------------------------------------X---------------------------------------